# स्थानीय निकाय केन्द्रिय समन्वय समिति

**काठमाडौं, नेपाल**

**मितिः २०६८/०८/०९**

**सम्माननीय प्रधानमन्त्रीज्यू,**
**प्रधानमन्त्रीको कार्यालय, सिंहदरवार, काठमाडौं**

**विषय : राज्य पुनर्संरचना आयोगमा स्थानीय निकायका संघ महासंघको प्रतिनिधित्व सम्बन्धमा ।**

**सम्माननीय प्रधानमन्त्रीज्यू,**

प्रमुख राजनीतिक दलहरु बीच भैरहेको लामो छलफल र सहमतिपछि हालै मन्त्रिपरिषद्ले नेपालको अन्तरिम संविधानको धारा १३८ (२) अनुसार राज्य पुर्नसंरचना आयोग गठन गरेको निर्णयलाई स्थानीय निकायका संघ महासंघहरुले सकारात्मक संवैधानिक अभ्यासका रुपमा लिंदै सहर्ष धन्यवाद ज्ञापन गर्दछौं ।

स्थानीय निकायका संघ महासंघहरु (जिविस महासंघ नेपाल, नेपाल नगरपालिका संघ र गाविस राष्ट्रिय महासंघ नेपाल) राष्ट्रिय निर्देशन ऐन, २०१८ अर्न्तगत दर्ता भै विगत डेढ दशकदेखि स्थानीय लोकतन्त्र सुशासन र स्थानीय सरकारमा अधिकारको निक्षेपणका पक्षमा निरन्तर पक्षपोषण र वकालती कार्यका साथै सदस्य स्थानीय निकायहरुको सेवा प्रवाहको प्रभावकारिताका लागि कार्य गर्दै आएका छौं ।

देशमा स्थानीय स्वायत्त शासनको स्थापना र सुदृढीकरणका लागि जनप्रतिनिधिमुलक निकायका रुपमा स्थानीय स्वायत्त शासन ऐन २०५५ र नियमको तर्जूमा तथा कार्यान्वयनमा प्रत्यक्ष संलग्न भई प्रभावकारी भूमिका निर्वाह गरिरहेका छौं । स्थानीय स्वायत्त शासनसँग सरोकार राख्ने पद्धति र संरचनाहरु जस्तै विकेन्द्रिकरण कार्यान्वयन तथा अनुगमन समिति, गरिबी निवारण कोष, स्थानीय निकाय वित्तीय आयोग, केन्द्रिय राजश्व परामर्श समिति जस्ता नेपाल सरकारका थुप्रै आयोग र समितिहरुमा प्रतिनिधित्व गर्दै स्थानीय स्वायत्त सरकारका पक्षमा सार्थक सरोकार राख्दै आएका छौं । हालको विशिष्ठ परिस्थितिमा राज्य पुर्नसंरचनाको विषयमा स्थानीय स्वायत्त सरकारका पक्षमा सार्थक र सचेत अभिमत समेत व्यक्त गर्दै आएका छौं ।

यस सहभागितामूलक संविधान निर्माण प्रक्रियामा स्थानीय स्वायत्त सरकारका मुद्दाहरु उपयुक्त रुपमा सम्वोधन गर्न तथा जनताका नजिकका स्वायत्त स्थानीय सरकारको स्थापना तथा ती निकायमा संविधानतः नै पर्याप्त अधिकार र जिम्मेवारी बाँडफाँटको सुनिश्चितताका लागि राज्य पुर्नसंरचना आयोगमा संघमहासंघको प्रतिनिधित्वका लागि माग गर्दछौं ।

| | | |
|---|---|---|
| **महिन लिम्बु** | **डोरमणी पौडेल** | **ऋषिराज लुम्साली** |
| **अध्यक्ष** | **अध्यक्ष** | **अध्यक्ष** |
| **गाविस महासंघ** | **नेपाल नगरपालिका संघ** | **जिविस महासंघ** |
| गाउँ विकास समिति राष्ट्रिय महासंघ, नेपाल / केन्द्रिय कार्यालय काठमाण्डौ / २०५२ | MUNICIPAL ASSOCIATION OF NEPAL / 2050 | २०५१ |